**g]kfn /fi^« a}+s**

s]Gb|Lo sfofno

*]s^k sDKo"^/, Nofk^k / kmf]/ Og jg n];/ lk|G^/ vl/b ug]af/]sf]

l;naGbL af]nkq cfXjfgsf] ;'rgf

(प्रथम पटक प्रकाशित मिति : २०७३।९।२९

यस बैंकको लागि बैंकले तोकेको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारका सामानहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले निम्नानुसारको कुनै एक, दुई वा सबै प्रकारका सामानहरुको लागि वोलपत्र पेश गर्न सक्नेछन । बोलपत्र पेश गर्दा प्रत्येक सामानको लागि आर्थिक प्रस्ताव अलग अलग खाममा पेश गर्नुपर्ने छ । बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको तर्फबाट लिखित निवेदन पेश गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार र मुद्रा व्यवस्थापन विभाग, थापाथलीबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

| बोलपत्र नं | सामानको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र दाखिल गर्ने माध्यम |
|---|---|---|---|---|---|
| सासेवी/आ.प्र./४/०७३/०७४ | १. ब्राण्डेड डेस्कटप कम्प्युटर<br>२. ब्राण्डेड ल्यापटप कम्प्युटर<br>३. लेसर प्रिन्टर (फोर ईन वन) | १३५<br>१३४<br>६५ | १०,०००।-<br>(दश हजार मात्र) | ४,००,०००।-<br>४,४२,०००।-<br>९८,०००।- | सिलबन्दी दर्ता |
| **जम्मा** | | | | ९,४०,०००।- | |

२ आपूर्तिकर्ताहरुले बोलपत्र प्रस्ताव पेश गर्दा Gartner List मा समाबेश भएका सामानहरुमात्र प्रस्ताव गर्नु पर्नेछ ।

३ बोलपत्र फाराम साथ माथि उल्लेखित बोलपत्र जमानत रकम यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० (एक सय बिस) दिन मान्य अवधि (भ्यालिडिटि पिरियड) रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

४ बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको अपरान्ह १:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फारम बुझाउँदा सिलबन्दी खामको बाहिर नेपाल राष्ट्र बैंक, सामान्य सेवा बिभाग, बालुवाटार, काठमाडौंलाई सम्बोधन गरी बोलपत्र नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

५ दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन दिउंसो २:३० बजे सामान्य सेवा विभाग बालुवाटारमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६ ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ : (क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.ब.२०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्र वा आ.ब.२०७२/७३ को कर दाखिला गरेको प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) बोलपत्रदाता फर्म/संस्था/कम्पनीको Power of Attorney Letter (च) Manufacturer Authorization Letter ।

७ बोलपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

८ यसै सूचनाको बुंदा नं. ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको बोलपत्र कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ (प्रथम संशोधन समेत) र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (संशोधन समेत) बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

९ बोलपत्रदाताले प्रिविड मिटिङ्गमा अनिवार्यरुपले सहभागी हुनुपर्नेछ । प्रिविड मिटिङ्ग मिति २०७३।१०।१९ गते बुधवारका दिन अपरान्ह २:०० बजे बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा हुनेछ । उक्त दिन विदा परेमा त्यसपछिको कार्य दिनमा सोही समयमा हुनेछ ।

१० बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

११ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

१२ यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

;fdfGo ;]jf lj efu